४० औं वार्डेन सेमिनार तथा २२ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक, २०८० का संकल्प प्रस्तावहरु:

१. विगत वर्ष देखि ढोरपाटन शिकार आरक्षको प्रभावित क्षेत्रलाई मध्यवर्ती क्षेत्रमा घोषणा गर्न प्रयास भईसकेको सन्दर्भमा सम्बन्धित निकायहरुको समन्वयमा ढोरपाटन शिकार आरक्षको मध्यवर्ती क्षेत्र घोषणा गर्न पहल गर्ने। (व्यवस्थापन शाखा र योजना शाखा)

२. पर्सा राष्ट्रिय निकुञ्जको कोर क्षेत्र मकवानपुर जिल्लामा रहेको भिमान नामक बस्ती र कृष्णसार संरक्षण क्षेत्रभित्र गैरकानूनी रुपमा रहेका बस्तीहरुलाई नियमानुसार व्यवस्थापन गर्नका लागि सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले आवश्यक पहल गर्ने। (व्यवस्थापन शाखा, योजना शाखा, पर्सा राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र)

३. प्रकृति संरक्षण शिक्षालयलाई सम्पूर्ण संरक्षणकर्मी तथा अध्ययनकर्मीहरुको साझा शिक्षालय बनाउन आवश्यक नीतिगत तथा भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्था गरी समयानुकुल तालिम प्रदान गर्ने निकायको रुपमा विकास गर्दै लैजाने। (योजना शाखा, वन्यजन्तु अपराध नियन्त्रण शाखा र रा. नि. निर्देशनालय)

४. प्रविधि सहितको संरक्षण तथा सुरक्षाको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन थप आधुनिक उपकरण तथा सूचना प्रविधि लाई संस्थागत गर्दै यसमा संलग्न जनशक्तिको क्षमता बृद्धि गर्दै जाने। साथै शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा शुरुवात गरिएको ईटिकटिंगलाई अन्य संरक्षित क्षेत्रहरुमा विस्तार गर्दै लैजाने। ( सूचना प्रविधि शाखा, योजना शाखा, वन्यजन्तु अपराध नियन्त्रण शाखा र रा. नि. निर्देशनालय)

५. संरक्षित क्षेत्र(कोर इलाका तथा मध्यवर्ती क्षेत्र) भन्दा बाहिर जाने संरक्षित दुर्लभ वन्यजन्तुहरुको संरक्षण तथा सुरक्षा सुनिश्चित गर्न सम्बन्धित सरोकारवाला निकायहरुको सहभागितामा प्रदेश वन्यजन्तु अपराध नियन्त्रण ईकाईलाई संस्थागत गर्न आवश्यक समन्वय र सहकार्य गर्ने। (वन्यजन्तु अपराध नियन्त्रण शाखा)

६. निकुञ्ज तथा आरक्ष कार्यालय तथा तत् तत् स्थानमा खटिएको नेपाली सेनाको सुरक्षा ईकाई बीच समन्वय, सहकार्य र साझेदारीको थप विकास गरी प्रभावकारी संरक्षण गर्न खडा गरिएको JOC ( Joint Operation Cell) लाई उचित स्रोत र साधनको व्यवस्थापन गरी दुवै पक्षले JOC लाई प्रभावकारी रुपमा संचालन गर्ने। (वन्यजन्तु अपराध नियन्त्रण शाखा र रा.नि. निर्देशनालय)

महानिर्देशक

७. संरक्षित क्षेत्रको राजस्व बृद्धिको लागि हाल प्रचलनमा रहेको गैरकरका दरलाई समय सापेक्ष परिमार्जन गर्ने तथा गैरकरको दायरा फराकिलो बनाउन सम्भावित क्षेत्रहरुका बारेमा भएका छलफल समेतको आधारमा सम्बन्धित नियमावलीहरुमा थप गैरकरका क्षेत्रहरुलाई समावेश गर्ने। (व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखा)

८. नदिजन्य र परम्परागत रुपमा स्थानीय स्तरमा संचालनमा रहेका ढुंगा, माटो, बालुवा र स्लेटको उपयोग तथा स्थानीयस्तरमा नियमन र व्यवस्थापनका लागि स्थानिय तह र अन्य सरोकारवालासंग परामर्श गरी मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली र संरक्षण क्षेत्र व्यवस्थापन नियमावली अद्यावधिक गर्न पहल गर्ने । (व्यवस्थापन शाखा)

९. मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा विद्यमान रहेका उपभोक्ता समिति र व्यवस्थापन समितिको संस्थागत र संरचनागत सुधार गरी समावेशी बनाउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीहरुमा आवश्यक संशोधन गर्न पहल गर्ने। (व्यवस्थापन शाखा)

१०. विभाग र अन्तर्गतका सम्पुर्ण संरक्षित क्षेत्र र प्राणी उद्यानहरुको भौतिक संरचनाहरुमा एकरुपता कायम गर्न र लैंगिक दृष्टिले उपयुक्त संरचना निर्माण गर्न "संरक्षित क्षेत्रमा निर्माण हुने भौतिक संरचनाको मापदण्ड" बनाउने ।(योजना शाखा र व्यवस्थापन शाखा)

११. हिमाली क्षेत्रका संरक्षित क्षेत्रहरुबाट जडीबुटीको दिगो संकलन र उपयोग सम्बन्धमा नियमावलीमा समसामयिक परिमार्जन गर्ने । (व्यवस्थापन शाखा)

१२. हाल घोषणा गरिएका प्राणी उद्यानहरुलाई चारकिल्ला खुलाई घोषणा गर्ने विषय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा समावेश गर्नको लागि पहल गर्ने । नेपालमा हालसम्म संचालनमा रहेका तथा आगामी दिनमा संचालन हुने चिडियाखानाहरुलाई संचालन र नियमन गर्न आवश्यक सरकारी संयन्त्र निर्माणका लागि पहल गर्ने ।(व्यवस्थापन र राष्ट्रिय प्राणी उद्यान)

१३. बाघको जन्म, मृत्यु, बसाइसराइ र फैलावट पत्ता लगाउन population turnover सम्बन्धी अध्ययन गर्ने । (ईकोलोजि शाखा)

१४. विभाग र अन्तर्गतको कार्यालयहरुमा कार्यरत गेमस्काउटहरु अन्यत्र अवसरको खोजी गरेर जाने कारणले तालिमप्राप्त जनशक्ति कमी भईरहने भई कार्यालयको काममा समेत असर पुगेको हुंदा गेमस्काउटलाई लामो समय टिकाउन आवश्यक उपायहरुको खोजी गर्ने । (कर्मचारी प्रशासन शाखा)

१५. वन्यजन्तुको उद्धार तथा अध्ययन अनुसन्धान प्रयोजनार्थ वन्यजन्तुलाई लठ्याउने तथा नियन्त्रण गर्ने कार्यको लागि उद्दार केन्द्रमा कार्यरत जनशक्तिलाई तालिम प्रदान गरी थप व्यवसायिक बनाउने । (वन्यजन्तु अपराध नियन्त्रण शाखा र ईकोलोजि शाखा)

महानिर्देशक

CamScanner

१६. संरक्षित क्षेत्रको कार्य स्थललाई सुरक्षित, मर्यादित, अपाङ्गतामैत्री एवं लैंगिक तथा यौनहिंसा मुक्त बनाउने। (कर्मचारी प्रशासन शाखा)

१७. राष्ट्रिय निकुञ्ज तथा आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि हाल रहेका विभिन्न नियमावलीहरुलाई एकीकृत गरी ३ वटा नियमावलीमा समेट्न पहल गर्ने।

१८. परस्पर लाभको अवस्था श्रृजना हुने गरी सम्बन्धित प्रदेश सरकार र अन्य निकायहरुको सहभागितामा चितवन-पर्सा रा.नि.को एकीकृत पर्यटन विकासको आवश्यक पुर्वाधारहरु निर्माण गर्न पहल गर्ने। (व्यवस्थापन शाखा, योजना शाखा, संरक्षण शिक्षा शाखा, चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज)

१९. कोशी टप्पु वन्यजन्तु आरक्ष र जोडिएको भू-परिधि क्षेत्रको दीर्घकालीन संरक्षण गर्न सम्बन्धित सरोकारवाला निकायहरुको सहभागितामा क्षेत्र विस्तारको पहललाई निरन्तरता दिने। (व्यवस्थापन शाखा, योजना शाखा, ईकोलोजि शाखा र कोशी टप्पु वन्यजन्तु आरक्ष)

२०. वन्यजन्तुले गर्ने क्षति वापत उपलब्ध गराईने राहतको दीर्घकालिन व्यवस्थापन गर्न हालको राहत प्रक्रियालाई संशोधन गरी पशु तथा बाली बिमा गर्नको लागि विशेष पहल गर्ने। साथै वन्यजन्तुबाट भएको मानवीय क्षति तथा बिमाका लागि आवश्यक न्यूनतम बजेटको व्यवस्था सुनिश्चित गर्ने। (योजना शाखा र वन्यजन्तु अपराध नियन्त्रण शाखा)

२१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २५ क अनुसार सम्बन्धित संरक्षित क्षेत्रका बार्षिक आम्दानीको ३०-५० % रकम मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्रका लागि नियमित बजेट उपलब्ध गराउन छुट्टै बजेट उपशिर्षक (आयोजना) को व्यवस्था गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाउने।

महानिर्देशक